बैठक नं.४

आज मिति २०७९/०३/०९ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ४:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | वीरेन्द्रदेव भारती | प्रमुख प्रशासकीय अधिकृत | |

**प्रस्ताव नं.४.१**

**मिति २०७९।०३।०७ मा बसेको नगरकार्यपालिकाको तेस्रो वैठकबाट भएका निर्णयहरुको समीक्षा सम्बन्धमा।**

**निर्णय नं.४.१**

आगामी आ.व. ०७९/०८० का लागि प्रस्तावित नीतिहरु मिति २०७९।३।८ मा बस्ने बुटवल उपमहानगरपालिकाको नगर सभाको एघारौ अधिवेशनमा पेश गर्ने गरी निर्णय भएको र सोही बमोजिम मिति २०७९।३।८ मा सभामा टेवुल भई दफावार छलफल पश्चात पारित समेत भई सकेको छ।

**प्रस्ताव नं.४.२**

**आगामी आ.व.०७९/०८० को लागि आम्दानी र खर्च (आय व्यय) को अनुमान (बजेट) माथि छलफल सम्बन्धमा।**

**निर्णय नं.४.२**

आगामी आ.व.०७९।०८० का लागि यस बुटवल उपमहानगरपालिकाको आम्दानी र खर्च (आय व्यय) को अनुमान (बजेट) सहितको रु.२ अरव ३५ करोड बराबरको बार्षिक बजेट तथा कार्यक्रम मिति २०७९।३।१० गते दिनको ४:०० बजे बस्ने नगरसभाको एघारौ अधिवेशनको दोस्रो वैठकमा उपप्रमुख श्री सावित्रादेवी अर्यालले प्रस्तुत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.४.३**

**अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, (आर्थिक विधेयक) २०७९ माथि छलफल सम्बन्धमा।**

**निर्णय नं.४.३**

राजश्व परामर्श समितिको विभिन्न मितिहरुमा बसेको बैठकको सिफारिस समेतका आधारमा कार्यालयबाट तयार भई पेश हुन आएको कर तथा गैरकर राजश्वका दरवन्दी सहितको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, (आर्थिक विधेयक) २०७९ मिति २०७९।३।१० गते दिनको ४:०० बजे बस्ने नगरसभाको एघारौ अधिवेशनको दोस्रो वैठकमा प्रस्तुत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.४.४**

**खर्च सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, (विनियोजन विधेयक) २०७९ माथि छलफल सम्बन्धमा।**

**निर्णय नं.४.४**

विभिन्न मितिहरुमा भएका वडाभेला, विषयगत समितिहरु र बजेट तर्जुमा समितिमा समेत दफावार छलफल गरी आजको बैठकमा प्रस्तुत हुन आएको आ.व.०७९।०८० का लागि प्रस्तावित खर्च सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक (विनियोजन विधेयक), २०७९ माथि छलफल गरियो। उक्त विधेयक मिति २०७९।३।१० गते दिनको ४:०० बजे बस्ने नगरसभाको एघारौ अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो।

अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो।